भेरी नगरपालिकाको

आर्थिक बर्ष २०७७।०७८ को नीति, कार्यक्रम तथा बजेट

सभाध्यक्ष महोदय,

१. विश्वभरी फैलिईरहेको कोभिड १९ को महामारीको बिषम परिस्थितिमा आगामी आर्थिक बर्ष २०७७।७८ को बार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न भेरी नगरपालिकाको उप प्रमुखकको हैसियतले यस नगरपालिकाको गरिमामय सभाको बैठकमा उपस्थित भएको छु ।

२. मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधिनताको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र, संघीय शासन प्रणाली स्थापनाका लागि भएका विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्ने महान सहिदहरू प्रति हार्दिक श्रध्दान्जली व्यक्त गर्दछु साथै मुलुकको राजनीतिक, आर्थिक तथा सामाजिक रूपान्तरणको अभियानमा होमिएका घाईते, अपाङ्ग योध्दा तथा सहिद परिवारमा सम्मान व्यक्त गर्न चाहन्छु ।

३. कोरोना संक्रमणबाट स्वदेश तथा विदेशमा ज्यान गुमाएका नेपाली लगायत सम्पूर्ण मृतक प्रति हार्दिक श्रध्दान्जली तथा शोकाकूल परिवारजनमा समवेदना व्यक्त गर्न चाहन्छु । साथै संक्रमित सबैको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

४. यतिबेला मानव जातिले इतिहासकै अप्ठ्यारो अवस्थाको सामना गरिरहेको छ । कोभिड १९ र लकडाउनको कारणले उत्पन्न संकटको व्यवस्थापन चुनौतीका रूपमा हाम्रा सामु खडा भएकोछ । यस कठिन अवस्थामा महामारीबाट उत्पन्न आर्थिक संकट व्यवस्थापन र नागरिकहरूको जीवन रक्षा नै प्रमुख समस्या हो । कोभिड १९ महामारीको रोकथाम र भोकमरी कम गरी रोजगारीका अवसर सिर्जना गर्नु हाम्रा प्राथमिकता भए पनि नगरवासिहरूको दैनिक जीवन यापनमा व्यहोर्नु परेका समस्याहरूको समाधान पनि नगरि नहुने बाध्यता हाम्रो सामु रहेको छ । हामीलाई उपलव्ध न्यून श्रोतबाट सबै समस्याको समाधान संभव छैन अतः प्राथमिकताका आधारमा भौतिक पूर्वाधार निर्माणसंगै स्थानीय स्तरमा रोजगारी सिर्जना, उत्पादन बृध्दि गर्ने र महामारीबाट नागरिकहरूको जीवन रक्षा जस्ता कार्यक्रमहरूमा नै बजेट केन्द्रित रहेको छ ।

५. कर्णाली प्रदेश सरकार, स्थानीय प्रशासन, जिल्ला स्वास्थ्य सेवा कार्यालय, सम्पूर्ण नगरपालिका टीम र सरोकारवाला सबैको सहयोग, सक्रियता र समन्वयबाट केही समय अघिसम्म यस नगरपालिकालाई कोभिड १९ को प्रभावबाट मुक्त राख्न सफल रहे पनि

मुलुक बाहिर बिशेष गरी भारतमा रहेका नागरिकहरू घर फर्किने क्रमसंगै महामारीको संक्रमण पनि फैलिईरहेको छ । सावधानी अपनाउन नसकिएको खण्डमा यो नगरपालिका पनि अछुतो नरहने र यसले डर लाग्दो रूप लिने संभावना देखिन्छ। हालको यस परिस्थितिमा रोकथाम, उत्पादन र आपूर्तिमा जोड दिई आर्थिक वृध्दि हासिल गर्ने दिशामा आगामी आर्थिक बर्षको बजेट केन्द्रित गर्नुपर्ने अवस्था रहेको छ।

६. प्रस्तुत बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, यस नगरपालिकाले तर्जुमा गरी कार्यान्वयनमा ल्याएका ऐन नियम तथा कार्यविधिहरू, नेपालको पन्ध्रौ योजना, नेपाल सरकारबाट प्राप्त मार्गदर्शन, कर्णाली प्रदेश सरकार तथा भेरी नगरपालिकाको नीति कार्यक्रम तथा लक्ष्य, कोभिड १९ को महामारीबाट उत्पन्न परिस्थिति, बस्ति तथा वडाबाट निर्धारित प्राथमिकता, जिल्लामा कार्यरत विकास साझेदार तथा सरोकारवाला सरकारी गैर सरकारी निकाय एवं नगरवासिहरूको सल्लाह सुझावको आधारमा यो बजेट तर्जुमा गरेको छु ।

सभाध्यक्षज्यू,

अव म चालु आर्थिक बर्ष २०७६।७७ को जेष्ठ मसान्तसम्मको अवस्थाको बारेमा संक्षिप्त रूपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

७. नगरलाई समृध्दिको बाटोमा उन्मुख गराउन नविनतम सोचकासाथ तर्जुमा गरिएका वालवालिकासंग मेयर, महिलासंग उपमेयर, विपन्न नागरिकका लागि विशेष सहयोग कोष स्थापना, पूर्ण जातिय छुवाछुत मुक्त नगर घोषणा आदि जस्ता कार्यक्रमहरू कार्यान्वयन भई रहेको अवस्थामा कोभिड १९ को महामारी र बन्दाबन्दी (लकडाउन) का कारण प्रभावित भएको कुरा सबैमा जानकारी नै छ । नगरपालिकाको आन्तरिक श्रोतबाट रू १ करोड २५ लाख आम्दानी प्रक्षेपण गरिएकोमा रू ७० लाख मात्रै राजश्व असुली भएको र संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड बापत प्राप्त हुनु पर्ने रू. १० करोड ३ लाख मध्ये रू. ५ करोड ८६ लाख ८१ हजार मात्रै प्राप्त भएकोले संघीय तथा प्रदेश सरकारबाट प्राप्त अनुदानमा आधारित बजेट तथा कार्यक्रमहरू कार्यान्वयनमा समस्या भएको छ ।

८. चालु आर्थिक बर्षको बीच अर्थात कार्यक्रम कार्यान्वयनको उत्कर्ष समयमा फैलिएको कोभिड १९ को महामारीको सामना गर्न स्वास्थ्य परिक्षण तथा सुरक्षा सामग्री खरिद, क्वारेन्टाईन निर्माण तथा व्यवस्थापन, राहत सामग्री वितरण आदि जस्ता कार्यमा

व्यहोर्नु परेको अतिरिक्त व्ययभारका कारण पनि कार्यक्रम कार्यान्वयनमा समस्या व्यहोर्नु परेको अवस्था छ ।

९. महामारीबाट जनताको जीवन रक्षाको लागि नगरपालिकाले संक्रमण रोकथाम, नियन्त्रण र उपचारका लागि योजना तर्जुमा गरी निरन्तर रूपमा क्रियाशील रहदै आएको छ ।

१०. यसका लागि कर्णाली प्रदेश सरकारबाट रू २० लाख र नगरपालिकाले रू ३८ लाख गरी जम्मा रू ५८ लाखको नगर विपद् व्यवस्थापन कोष खडा गरेको छ भने **असंगठित क्षेत्रमा कार्यरत श्रमिक बर्ग तथा असहाय परिवारलाई राहत उपलब्ध गराउने सम्बन्धी कार्यविध र कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष सञ्चालन कार्यविधि२०७ ,६** तर्जुमा गरी कार्यान्वयन गरिएको छ । महामारी नियन्त्रण तथा रोकथामका लागि जेष्ठ मसान्तसम्म क्वारेन्टाईन निर्माण तथा व्यवस्थापन, स्वास्थ्य सुरक्षा सामग्री खरिदमा, अन्य परिक्षण सामग्री खरिदका लागि तथा राहत वितरणमा उक्त रकम खर्च गरिएको छ । रोजगारका लागि जिल्ला तथा नगरपालिका बाहिर गएका नागरिकहरू घर फर्किने क्रम जारी रहेकोले क्वारेन्टाईन व्यवस्थापन लगायत रोकथाम तथा अन्य खर्च बृध्दि भईरहेको अवस्था छ ।

११. यो संकट व्यवस्थापनका लागि सहयोग गर्ने नेपाल सरकार, कर्णाली प्रदेश सरकार लगायत संघ संस्था सबै प्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

१२. आफ्नो जीवनको प्रवाह नगरी महामारीको रोकथाम तथा उपचारमा अग्रपंतिमा रहेर सेवा गर्ने सम्पूर्ण स्वास्थ्यकर्मिहरूको उच्च मुल्यांकन गर्दै हार्दिक आभार प्रकट गर्न चाहन्छु । अझ पनि मानवीय भावना र उच्च मनोवलका साथ वहाँहरूको सेवा निरन्तर रहने कुरामा म बिश्वस्त रहेको छु । त्यसै गरी यो अभियानमा निरन्तर रूपमा खटिरहनु भएका नगरवासि, पत्रकार, उध्योगि व्यापारी, राजनीतिक दल, जनप्रतिनिधि, राष्टसेवक कर्मचारी, सरसफाईकर्मि, सवारी चालक तथा सुरक्षाकर्मिलाई वहाँहरूको योगदानको कदर गर्दै सम्मान व्यक्त गर्न चाहन्छु ।

सभाध्यक्षज्यू,

१३. अव म आर्थिक बर्ष २०७७।०७८ को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु,

क. कोभिड १९ को महामारीबाट नगरवासिहरूको जीवनलाई सुरक्षित र सहज बनाउने ।

ख. स्वास्थ्य तथा शिक्षा क्षेत्रको संस्थागत विकास तथा सुदृढिकरण गर्ने ।

ग. कृषि क्षेत्रमा रोजगारी सिर्जना गरी उत्पादन बृद्दि गर्ने ।

घ. सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको दिगो विकास गर्ने ।

सभाध्यक्षज्यू,

आर्थिक बर्ष २०७७।७८ मा यस नगरपालिकाले जम्मा रू ६८ करोड ५ लाख ५८ हजार ८ सय रूपैयाँ अनुमानित आम्दानी हुने अनुमान गरिएको छ । जसमध्ये संघीय सरकारबाट वित्तिय समानीकरण अनुदान रू ११ करोड ६० लाख, सशर्त अनुदान रू ३३ करोड ७३ लाख, राजश्व बाँडफाँड वापत रू ९ करोड ५७ लाख २ हजार ८ सय, बिशेष अनुदान रू ५० लाख र सामाजिक सुरक्षा अनुदान रू १० करोड १३ लाख गरी जम्मा रू ६५ करोड १७ लाख २ हजार ८ सय र कर्णाली प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान रू १ करोड १ लाख ९६ हजार, राजश्व बाँडफाँड वापत रू १० लाख ६० हजार गरी जम्मा रू १ करोड १२ लाख ६ हजार र नगरपालिकाको आन्तरिक श्रोतबाट रू १ करोड ४० आम्दानी हुने अनुमान गरिएको छ । उक्त बजेटबाट माथि उल्लेखित उद्देश्यहरू हासिल गर्न आगामि निम्न क्षेत्रका लागि निम्नानुसार क्षेत्रगत कार्यक्रम तर्जुमा तथा बजेट विनियोजन गरेको छु ।

**स्वास्थ्य तथा महामारी रोकथाम तथा नियन्त्रणतर्फः**

१४. आगामी आर्थिक बर्षमा यो असहज परिस्थिति तत्काल सामान्य अवस्थामा आउन सक्ने नदेखिएकोले स्वास्थ्य परिक्षण तथा सुरक्षा सामग्री खरिद, क्वारेन्टाईन निर्माण तथा व्यवस्थापन र उपचारका लागि कोरोना संक्रमण रोकथाम तथा उपचार कोषमा एकमुष्ट रू ४५ लाख र अन्य स्वास्थ्य संस्थाहरूको सुदृढिकरण, जनशक्ति व्यवस्थापन, जनचेतनामुलक कार्यक्रम संचालननका लागि समेत बजेट बिनियोजन गरेको छु ।

१५. आगामी आर्थिक बर्षको शुरूवातमै बर्षायाम शुरू हुने र बर्षाको कारण उत्पन्न हुन सक्ने विपद् व्यवस्थापन तथा कोभिड १९ को महामारी नियन्त्रणका लागि समेत नगर विपद् व्यवस्थापन कोषमा रकम बिनियोजन गरेको छु ।

१६. कोभिड १९ को महामारीसंगै अन्य रोगहरूको रोकथामसंगै अति जरूरी स्वास्थ्य सेवा नियमित रूपमा संचालन गर्नका लागि समेत बजेट विनियोजन गरेको छु ।

१७. विपद् व्यवस्थापन कोषमा बिनियोजन गरिएको रकम विशेष गरी कोभिड को १९-महामारी नियन्त्रण, रोकथाम र उपचार, आर डिटी/पि सि आर परिक्षण सम्बन्धि कार्यमा खर्च गरिने छ ।

**कृषि तथा रोजगार प्रबर्ध्दनतर्फः**

१८. कोभिड १९ को महामारीबाट सिर्जना हुने भोकमरीबाट जनतालाई बचाउन कृषि उत्पादन बृद्दिका लागि **एक वडा एक उत्पादन**को नीति अनुसार लागि रू १ करोड ४४ लाख

रूपैयाँ बिनियोजन गरेको छ । जसबाट नेपाल सरकार, नगरपालिका तथा कृषकको साझेदारी लागतमा खाध्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने वाली बस्तुको साना तथा व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) कार्यक्रम संचालन गर्न नगरपालिका बाट रू १४ लाख २५ हजार र नेपाल सरकारको साझेदारी अनुदान रू २४ लाख व्यहोर्न गरी बजेट व्यवस्था गरेको छ ।

१९. कर्णाली प्रदेश सरकारसंगको सहकार्यमा **एक स्थानीय तह एक उत्पादन** कार्यक्रम संचालन गरिनेछ ।

२०. किसान तथा नगरपालिकाको साझेदारीमा आँप, टर्कि तथा अन्य जातको वखर खेती, अलैची, कागति सुन्तला, केरा, अंगुर, जापनिज हलुवावेद आदि फलफुल खेतीका लागि नगरपालिकाबाट रू ३३ लाख ५० हजार र नेपाल सरकारको साझेदारी अनुदान रू २३ लाख व्यहोर्ने गरी बजेट व्यवस्था गरेको छ ।

२१. मौसमी तथा बेमौसमि तरकारी खेतिका लागि रू ११ लाख ५० हजार बिनियोजन गरेको छ ।

२२. आकस्मिक रूपमा आई पर्ने किरा तथा रोगको प्रकोप नियन्णका लागि रू ५ लाख रकम बिनियोजन गरेको छ ।

२३. अदुवा, बेसार तथा लसुन जस्ता मसला बाली उत्पादनका लागि रू १४ लाख ४० हजार बिनियोजन गरेको छ ।

२४. तरकारी खेतीका लागि साना सिंचाई निर्माण गर्न रू १८ लाख बजेट बिनियोजन गरेको छ ।

**पशुपन्छि विकासतर्फः**

२५. पशु पन्छिहरूमा लाग्ने रोग निदानका लागि औषधि, उपकरण तथा सामग्री खरिदका लागि रू १४ लाख १५ हजार बजेट बिनियोजन गरेको छ भने पशु आहारको लागि घाँस खेती गर्न रू २ लाख ४० हजार र विभिन्न प्रकारका व्यवसायमुलक तालिम संचालनका लागि रू ४ लाख ९२ हजार बिनियोजन गरेको छ ।

२६. कोभिड १९ को संक्रमणलाई सामना गर्न रोजगारी प्रबर्ध्दनका लागि दुध उत्पादन, बाख्रापालन, नेपाल सरकारको रू ४६ लाख र नगरपालिकाबाट रू ४६ लाख व्यहोर्ने गरी व्यवसायमुलक पकेट क्षेत्र संचालन गरिने छ ।

**सहकारी क्षेत्रः**

**२७.** महामारीको यस विषम परिस्थितिमा नागरिकहरूको आर्थिक उत्थानमा महत्वपूर्ण भुमिका रहेको सहकारी क्षेत्रमा लगानी बृध्दि गर्नु आवश्यक भएता पनि उपलव्ध स्रोतबाट नगरपालिका क्षेत्रमा रहेका सहकारीहरूको प्रबर्ध्दन गर्न रू ५ लाख बजेट बिनियोजन गरेको छु ।

**युवा शिक्षा तथा खेलकुद विकासतर्फः**

२८. नगर क्षेत्रभित्रका सबै बस्ति तथा वडाहरू भौगोलिक रूपमा विकट रहेका र सबै वालवालिकाहरूलाई शिक्षाको अवसरबाट बन्चित हुन नपरोस् भन्ने उद्‌देश्यले खुलेका विध्यालयहरूमा आवश्यकता अनुसारका शिक्षक व्यवस्था हुन नसकिरहेको र शिक्षकबिना विध्यालयबाट गुणस्तरीय शिक्षाको परिकल्पना समेत गर्न नसकिने भएकोले दरवन्दी हुँदै नभएका र भए पनि पर्याप्त दरवन्दी नभएका विध्यालयहरूमा समेत न्यूनतम रूपमा भए पनि शिक्षकको उपलव्धता होस भन्ने अभिप्रायले स्वयं सेवक शिक्षक व्यवस्थापन गर्नका लागि नगर अनुदान स्वरूप करिव रू ९९ लाख बिनियोजन गरेको छु।

२९. शिक्षक तथा कर्मचारीहरूको उत्प्रेरणा तथा क्षमता अभिबृध्दिका लागि रू १६ लाख बजेट व्यवस्था गरेको छु ।

३०. वालवालिकाहरूका लागि नगरस्तरीय अतिरिक्त क्रियाकलाप तथा युवा परिचालन तथा खेलकुद प्रतियोगिता संचालनका **वालवालिकासंग मेयर कार्यक्रम** अन्तर्गत लागि रू २५ लाख बजेट व्यवस्था गरेको छु ।

३१. समग्र शैक्षिक सुधारका लागि प्रोत्साहन गर्न नगरभित्र कार्यरत उत्कृष्ट शिक्षक, उत्कृष्ट विध्यार्थी र उत्कृष्ट व्यवस्थापन समितिलाई पुरस्कृत गर्ने नीति लिईएको छ ।

३२. खेलकुद क्षेत्रलाई थप प्रबर्ध्दन वडा नं. ४ स्थित वि.पि. शान्ति वाटीकामा कभर्ड हल निर्माणका लागि रू २५ लाख बिनियोजन गरेको छु भने नगरस्तरीय गौरवका आयोजनाको रूपमा वडा नं. ५ डाप्कमा इन्डोर कभर्ड निर्माणका लागि समेत प्रक्रिया अगाडी बढाइनेछ।

**महिला, वालवालिका तथा जेष्ठ नागरिक कार्यक्रमतर्फः**

३३. हिंशामा परेका, असहाय तथा विपन्न महिलाहरूलाई आवश्यक सहयोग गर्न महिलासंग उपमेयर कार्यक्रमका लागि रू १३ लाख ९६ हजार बिनियोजन गरेको छु ।

३४. बेरोजगार महिलाहरूका लागि रोजगारी सिर्जना उध्यमशिलता विकास (स्यानिटरी प्याड निर्माण) सम्बन्धि साझेदारीमा उध्योग संचालन गर्न रू ४ लाख ४ हजार रकम बिनियोजन गरेको छु ।

३५. संरक्षण विहिन वालवालिकाहरूको उद्दार, संरक्षण, वाल उध्यान तथा पुस्तकालय निर्माणका लागि रू ४ लाख बजेट व्यवस्था गरेको छु ।

३६. वालमैत्री नगर घोषणाका लागि गत बर्ष देखि शुरू गरिएको वालवालिकासंग मेयर कार्यक्रमका लागि रू १५ लाख रकम बिनियोजन गरेको छ ।

३७. जेष्ठ तथा अपाङ्ग नागरिकका लागि रू ५ लाख बिनियोजन गरेको छु ।

**संस्थागत विकास तथा सुशासनतर्फः**

३८. न्यायिक समितिको कार्य सम्पादनलाई व्यवस्थित तथा सुदृढिकरण गर्न रू ३० लाख बजेट व्यवस्थापन गरेको छु ।

३९. नगरपालिकाको आन्तरिक आय बृद्दि गर्न चालु आ.व. मा तर्जुमा गरिएको राजश्व सुधार कार्ययोजनामा अनुसार सफ्टवेयर अध्यावधिक, व्यवसाय दर्ता तथा नविकरण अभियान संचालन लागायत आवश्यक कार्यका लागि रू २८ लाख बिनियोजन गरेको छु।

४०. कोभिड १९ का कारण भएको बन्दाबन्दीले करदाताहरूमा परेको असरलाई दृष्टिगत गरी बार्षिक रूपमा तिर्नु पर्ने कर अनुपातमा चैत्र, बैशाख र जेष्ठ तीन महिनाको कर छुट गर्ने व्यवस्था मिलाएको छु ।

३८. नगरपालिकाबाट प्रवाह हुने सेवा सम्बन्धमा नागरिकहरूको गुनासो सुनुवाईका लागि सार्वजनिक सुनुवाई कार्यक्रमका लागि रू २ लाख बिनियोजन गरेको छु ।

३९. नगरपालिकाको सुशासन नीति अनुसार सुशासन प्रबर्ध्दनका लागि एफ एम रेडियो, पत्रपत्रिका परिचालन तथा प्रकाशन लगायतका कार्यक्रम संचालनका लागि रू ५ लाख बिनियोजन गरेको छु ।

४०. शान्ति सुरक्षा व्यवस्थापनका लागि सहयोग साझेदारी क्रियाकलाप संचालन गर्न रू ५ लाख रकम बिनियोजन गरेको छु ।

४१. नागरिकहरूमा समाज प्रतिको उत्तरदायित्व तथा जवाफदेहीता अभिबृध्दि गर्दै सवल नागरिक निर्माणका लागि क्रियाशील टोल बिकास संस्थाहरूको विकास, विस्तार तथा क्षमता विकासका लागि सहकर्मि समाजसंगको साझेदारीका लागि रू २० लाख बिनियोजन गरेको छु ।

४२. मानव सभ्यताको कलंकको रूपमा रहेको जातिय भेदभाव अन्त्यका लागि चालु बर्ष देखि शुरू गरिएको पूर्ण जातिय छुवाछुत मुक्त नगर घोषणा अभियानका लागि रू २५ बजेट व्यवस्था गरेको छु ।

**पूर्वाधार विकासतर्फः**

**खानेपानी तथा सरसफाईः**

४३. नगरवासिहरूलाई स्वच्छ पिउने पानी उपलव्ध गराउन खानेपानी योजना निर्माणका लागि रू. १ करोड १८ लाख ५० हजार बिनियोजन गरेको छु । उक्त कार्यक्रमबाट करिव ५०० घरपरिवारलाई स्वच्छ पिउने पानी उपलव्ध हुने अपेक्षा रहेको छ ।

४४. आधारभूत सरसफाइ तथा फोहरको  दिगो व्यवस्थापनका लागी स्थनीय नागरिक, टोल विकास संस्था तथा उध्योग व्यापार संघसँगको सहकार्यमा बजार सरसफाई तथा सार्वजनिक शौचालय मर्मत सुधार तथा व्यवस्थापन गरिने छ । साझेदार निकायहरूसंगको समन्वय तथा सहकार्यमा वडा नं. ३ को थाप्लेचौर वसपार्क र वडा नं. १ को रिम्नामा नमुनाको रूपमा सार्वजनिक शौचालय निर्माण गरिने ।

४५. नगरपालिकाको केन्द्र रहेको खलंगा बजार क्षेत्र वडा नं. ३ र ४ मा देखिएको तथा ढल निकासको दिर्घकालीन समाधानका लागि ढल निकास योजना तर्जुमा गरी व्यवस्थापन गरिनेछ।

४६. नगर क्षेत्रका बजारीकरण भईरहेका वडा नं.१३ को कुदु बजारको बुकाखोला, वडा नं. १ रिम्नाको निलाकण्ठि, वडा नं. ७ स्याउली बजारको थप स्थानमा डम्पिङ साईड निर्माण गर्न बजेट ब्यवस्थापन गरेको छु ।

४७. सेफ्टीक ट्याङ्क सफाईका लागि सक्सन भेहीकल खरिदका यसै बर्षमा टेण्डर भई प्रक्रिया अगाडी बढिसकेको छ ।

**सडक पूर्वाधार यातायात क्षेत्रः**

४८. नगरपालिकाका सबै वडा केन्द्रसम्म यातायात सेवा पुर्याउने नीति अनुसार ट्र्याक खन्ने कार्य सम्पन्न भईसकेको छ । ट्र्याक खोल्ने कार्य सम्पन्न भएका सडकहरूको स्तरोन्नति गरी बाह्रै महिना यातायात सेवा सुचारू गरिनेछ ।

४९. नगर यातायातको दृष्टिकोणले महत्वपूर्ण रहेका निर्माणाधिन सडकहरूलाई प्राथमिकता दिई निर्माण सम्पन्न गरिने छ ।

५०. नगरस्तरीय रणनीतिक महत्वका रूपमा सडकको स्तरोन्नतिका लागि रहेका सहरी साशकीय क्षमता विकास कार्यक्रमबाट कार्यान्वयन हुने गरी आवश्यक बजेट व्यवस्था गरेको छु ।

५१. नगरभित्रका प्राथमिकता प्राप्त सडक निर्माण तथा स्तरोन्नतिका लागि रू १ करोड २० लाख बजेट बिनियोजन गरेको छु ।

५२. स्थानीय उत्पादनलाई बजारसंग जोड्नका लागि कृषि सडक निर्माण तथा स्तरोन्नतिका लागि रू २३ लाख बिनियोजन गरेको छु ।

५३. सवारी आवागमनमा सहजताका लागि सडक पुल निर्माण गर्न आवश्यक स्थानहरूमा ल.ई. तथा डिजाईन गरी नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारसंगको सहकार्यमा स्रोत जुटाई निर्माण प्रक्रिया अगाडी बढाइने छ ।

**सिंचाई तथा नदी नियन्त्रणतर्फः**

५४. नगरपालिका भरीकै उत्पादनका दृष्टिकोणले महत्व राख्ने वडा नं. १३ को कुदु र वडा नं.१० को भुरचौर सिंचाई योजना निर्माणका लागि नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारसंगको सहकार्यमा निर्माण गरिनेछ ।

५५. वडा नं. १ रिम्ना देखि वडा नं. १० आलिसम्म क्षेत्रमा भेरी नदीले कटान शुरू गरेका स्थान र फेरा देखि स्याउलीसम्म कर्णाली प्रदेश सरकार तथा नेपाल सरकारको सहयोगमा क्रमशः नदि नियन्त्रण कार्य अगाडी बढाउन प्रयत्न गरिनेछ ।

५६. सिंचाई तथा तट्बन्ध निर्माणका लागि रू १२ लाख बिनियोजन गरेको छु ।

**सहरी पूर्वाधारतर्फः**

५७. सहरी शासकीय क्षमता विकास कार्यक्रम अन्तर्गत प्राप्त हुने रू ८ करोड अन्तर्गत डिजाईन लगत ईष्टिमेटका आधारमा तपसिलमा उल्लेखित नगर गौरवका आयोजनाहरू कार्यान्वयन गरिने छः

क. मालिका क्षेत्र पर्यटन प्रबर्दन वडा नं. ६

ख. पाईला एफ एम देखि स्वास्थ्य सेवा कार्यालय जाजरकोट सडक निर्माण

ग. तल्लो थाप्ले बसपार्क निर्माण

घ. आँखा अस्पताल स्थापना तथा संचालन

ङ. डाप्क कभर्ड हल निर्माण वडा नं. ५

च. पिपे बरालेख डिंगा सडक निर्माण

छ. गैरीखाली देखि नेटीबजार मछाईना सडक निर्माण

ज. बुदबुदी फारूला तिलिंगे वनस्पति उध्यान निर्माण वडा नं. २ र ४

झ. बबेरा देखि रूपकोट मिथैंग्रा सडक निर्माण

ञ. कुदु बृहत खानेपानी वडा नं. १३

ट. भुरचौर लिफ्ट खानेपानी वडा नं. १०

ठ. सभा भवन निर्माण कुदु

ड. खलंगा बजार क्षेत्र ढल व्यवस्थापन वडा नं. ३ र ४

ढ. बायु घट्ट पाथी हाल्न देखि नेटी बजार सडक

ण. फेरा देखि स्याउली तटबन्धन निर्माण

**विपद व्यवस्थापनः**

५८. विश्वमा सिर्जित महामारीको प्रकोप रोकथाम तथा नियन्त्रण एकातिर चुनौतिको रूपमा रहेको छ भने असामयिक रूपमा आई पर्ने थप विपद् व्यवस्थापनका लागि नगर विपद् व्यवस्थापन कोषमा २५ लाख बिनियोजन गरिएको छ ।

५९. दुर्घटना वा अन्य कुनै कारणले मृत्यू भएका मृतकहरूको सव ढुवानीमा समस्या देखिने गरेकोले सव बाहन खरिद गर्न रू २५ लाख बजेट बिनियोजन गरेको छु ,

६०. अन्तमा, आ.व. २०७७|७८ को बजेट तर्जुमाका लागि मार्गदर्शन तथा स्रोत उपलब्ध गराउने नेपाल सरकार, कर्णाली प्रदेश सरकार, जिल्ला समन्वय समिति, सल्लाह सुझाव प्रदान गर्ने राजनीतिक दल, नागरिक समाज, बिकास साझेदार संस्थाका प्रमुख तथा प्रतिनिधि, कार्यपालिका परिवार, सम्पूर्ण राष्टसेवक कर्मचारीहरू प्रति आभार प्रकट गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु ।

६१. प्रस्तावित बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सम्बन्धित सरोकारवाला सबैको सकारात्मक सहयोग सक्रियता र साथ रहनेछ भन्ने कुरामा म बिश्वस्त छु । कार्यक्रमको सफल कार्यान्वयनबाट अपेक्षित उपलब्धि हासिल भई नगरवासि नागरिकहरूको जीवनयापनमा सहजता पैदा हुने अपेक्षा लिएको छु ।

धन्यवाद ।